**<u>खनिज उत्खनन् कार्यको निम्ति प्रस्तावित योजना (Mining Scheme) सम्बन्धमा संलग्न परामर्शदाताको स्वःघोषणा</u>**

**आयोजना/प्रतिवेदनको मुख्य शीर्षकः** ..............................................उत्खनन् कार्यको निम्ति प्रस्तावित खानी योजना (Mining Scheme) को प्रतिवेदन।

**खानी क्षेत्रको ठेगानाः:** ..........................प्रदेश,........................जिल्ला,......................... गाउँपालिका /नगरपालिका, वडा नं. ............ स्थानः: ...........................।

अनुमतिपत्र वाहकको नाम र खोजतलास/उत्खनन अनुमतिपत्र नंः .................................................................

**<u>म/हामी निम्न स्वःघोषणा गर्दछु/गर्दछौंः</u>**

१. म/हामी यस प्रस्तावित आयोजनाको उत्खनन् कार्ययोजना (Mining Scheme) तयारी कार्यमा परामर्शदाता/ प्राविधिक विज्ञको रूपमा संलग्न रहेको छु/छौं।

२. प्रस्तावित क्वारी क्षेत्र (खनिज भएको क्षेत्र) र अन्य संरचनाहरुको क्षेत्र MUTM system अनुसार यकिन गरिएको छ। यसको सम्पुर्ण जवाफदेहिता वहन गर्दछु/गर्दछौं।

३. यो प्रतिवेदन खानी तथा भूगर्भ विभागबाट तोकिएको ढाँचामा प्रचलित ऐन/नियम/कानून र अधिनमा रही माइनिङ्ग इन्जिनियरिङ तथा भूगर्भीय अन्तराष्ट्रिय मान्यता र स्वीकृत विधि प्रयोग गरी तयार गरिएको हो।

४. खानी क्षेत्रको भौगोलिक अवस्थिति, टोपोग्राफि, भौगर्भिक बनोट, खनिज गुणस्तर तथा परिमाण, खानी डिजाइन, उत्खनन विधि, खानी सुरक्षा, वातावरणीय व्यवस्थापन सम्बन्धी प्राविधिक विवरणहरू, प्रस्तावित आयोजनाको आर्थिक विश्लेषण पाटो लगायतका विषय स्थलगत अध्ययन/सर्भे गरी यस प्रतिवेदनमा समावेश गरिएको हो।

५. यस प्रतिवेदनमा समावेश गरिएका सम्पूर्ण विवरणहरु (जस्तै भौगोलिक/भौगर्भिक अध्ययन, खानी सम्बन्धी विवरण, वित्तिय विश्लेषण आदि) प्रस्तावित खानी क्षेत्रको भौगोलिक अवस्थिति तथा प्रचलित मान्यताका आधारमा सत्य र सहि रहेका छन्।

६. यस प्रतिवेदनमा संलग्न खनिजको गुणस्तर यकिन गरिएको प्रयोगशाला प्रतिवेदन पुर्णतया सत्य हो र सोहि प्रतिवेदनको आधारमा यस खानी योजनामा गुण र परिमाण यकिन गरिएको छ।

७. यो उत्खनन् कार्ययोजना (Mining Scheme) मा बौद्धिक चोरी लगायतका कार्य नगरिएको र सो प्रमाणित भएमा प्रचलित नेपालको कानून बमोजिम कानूनी जवाफदेहिता वहन गर्दछु/गर्दछौं।

८. म/हामी संलग्न यस उत्खनन् कार्ययोजना (Mining Scheme) मा समावेश सम्पूर्ण जानकारी/तथ्य/विवरणको नैतिक तथा कानूनी जवाफदेहिता वहन गर्दछु/गर्दछौं।

आधिकारिक दस्तखतः......................................

परामर्शदाता संस्थाको छापः ......................................

विषयविज्ञ सदस्यको नाम, थरः ......................................

विज्ञता (Designation): ......................................

मितिः ......................................

## खनिज उत्खनन् कार्यको निम्ति प्रस्तावित कार्ययोजना (Mining Scheme) सम्बन्धमा प्रस्तावकको तर्फको स्वःघोषणा

**आयोजना/प्रतिवेदनको मुख्य शीर्षकः** ..............................................उत्खनन् कार्यको निम्ति प्रस्तावित कार्ययोजना (Mining Scheme) ।

**खानी क्षेत्रको ठेगानाः:** ...........................प्रदेश,........................जिल्ला,......................... गाउँपालिका /नगरपालिका, वडा नं. ............ स्थानः: ...........................।

खोजतलास अनुमतिपत्र नं. :: ...........................।

**परामर्शदाताको नाम र ठेगाना :** ...............................................................

**म अनुमतिपत्र वाहकको तर्फबाट निम्न स्वःघोषणा गर्दछु:**

१. प्रस्तावित क्वारी क्षेत्र (खनिज भएको क्षेत्र) र अन्य संरचनाहरुको क्षेत्र MUTM system अनुसार यकिन गरिएको छ। यसको सम्पुर्ण जवाफदेहिता वहन गर्दछु/गर्दछौं।

२. मैले विभागमा पेश गरेका उत्खनन् कार्ययोजना (Mining Scheme) सम्बद्ध आर्थिक हैसियत कागजात, जग्गाहरुको मञ्जुरिनामा/सहमति लगायत अन्य सार्वजनिक बाटो, स्मारक, भौतिक पक्षहरुको समेत सम्बन्धित विवरणहरु/सिफारिसहरु सहि रहेका र झुटा ठहरिएमा प्रचलित कानून बमोजिम कारवाही र सजाय व्यहोर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्दछु।

३. मैले प्राविधिक टोलीलाई पेशागत र स्वतन्त्र रूपमा खानीको खनिज कार्ययोजना तयार गर्न अनुमति दिएको छु।

४. यस कार्ययोजना (Mining Scheme) मा उल्लेख गरिएका प्राविधिक विवरण, उपकरण, मेसिनरी छनोट र दैनिक/वार्षिक उत्खननको लक्ष्य हाम्रो व्यवसायिक योजना र क्षमता अनुसार नै तय गरिएको जानकारी गर्दछु। साथै उत्खनन कार्ययोजनामा उल्लेखित खनिजहरुको प्रयोगशाला परिक्षण रिपोर्ट सम्बन्धी विवरणहरु समेत तथ्यपरक र सान्दरभिक उपलब्ध गराएको छु।

५. प्रस्तावित उत्खनन र सहायक क्षेत्र (खानी क्षेत्र) मा पर्ने सबै जग्गाहरुको स्वामित्व सम्बन्धी कागजात पेश गरेको छु। यस सम्बन्धमा पेश भएका सहमति/सिफारिस वा मञ्जुरीनामा सम्बन्धमा म नैतिक तथा कानूनी जवाफदेहिता वहन गर्दछु। यस उत्खनन कार्ययोजना सम्बन्धी सम्पूर्ण विवरण/कागजातका विषयमा आफु जिम्मेवार रहेको जानकार छु।

६. आर्थिक विश्लेषणका विषयहरु यथासक्य यथार्थपरक बनाउन कोसिस गरेको छु।यस योजनाको आर्थिक विश्लेषण तथा प्रतिफल जस्तोसुकै भए तापनि प्रचलित कानूनबमोजिम तिर्नुपर्ने सम्पूर्ण राजस्व, रोयल्टी तथा अन्य सरकारी शुल्क समयमै भुक्तानी गर्नेछु। साथै, परियोजना सञ्चालन तथा कार्यान्वयनका क्रममा उत्पन्न हुने सम्पूर्ण आर्थिक दायित्व, खर्च तथा अन्य आर्थिक जिम्मेवारीको वहन स्वयं गर्नेछु।

७. यस प्रस्तावित खनिज कार्यको निम्ति तयार भएको उत्खनन कार्ययोजना प्रतिवेदन मैले पढेको र बुझेको छु।

८. म संलग्न यस आयोजनाको उत्खनन् कार्ययोजना (Mining Scheme) मा समावेश जानकारी वा विवरणको म नैतिक तथा कानूनी जवाफदेहिता वहन गर्दछु।

आधिकारिक दस्तखतः .......................................
अनुमतिपत्रवाहक संस्थाको छापः .......................................
अनुमतिपत्र वाहकको नामः .......................................
अनुमतिपत्र वाहकको ठेगानाः.......................................
अनुमतिपत्र नं : .......................................
नाम र पदः .......................................
मितिः .......................................